नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

☎ ०२७-५२०५५५
☎ ०२७-५२०१२५
🖷 ०२७-५२०१८८
Email : cdoilam@gmail.com

पत्र सख्या :-०७७।७८
चलानी नम्वर :-

मितिः- २०७८।०१।०९

## अत्यन्त जरुरी सूचना

नँया भेरिएन्ट सहित फैलिरहेको COVID-19 संक्रमण नियन्त्रण सन्दर्भमा नेपाल सरकार (म.प.) को मिति २०७८।०१।६ को निर्णय अनुसार जिल्ला कोभिड-१९ संकट ब्यवस्थापन केन्द्र (DCCMC) इलामको मिति २०७८।०१।९ मा बसेको बैठकबाट भएका निर्णयहरु सम्वन्धित सबैको जानकारी तथा कार्यन्वयनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.२०७८ बैशाख मसान्तसम्म गर्न नहुने कार्यहरु :**

- हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल,, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम।
- मठ,मन्दिर, मस्जित, गुम्बा, चर्च लगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालन गर्ने गरी नित्यपुजा, ध्यान र प्रार्थना बाहेकका अन्य कार्यक्रम ।

**२.सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा:**

- सिट क्षमताभन्दा बढी यात्रु नराख्ने ।
- सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
- सवारीसाधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्ने।
- चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने ।
- सवारी साधनलाई दैनिकरुपमा निसंक्रमित गर्नुपर्ने ।
- कुनै यात्रुले मास्क नलगाई आएमा बढिमा दस रुपैयाँ लिई मास्क उपलब्ध गराउने ।
- मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने र यात्रुहरुको विवरण जिल्ला कोभिड - १९ संकट व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउने ।

**३. सार्वजनिक निकायहरु, ब्यबसायहरुमा ब्यबस्थापक वा सन्चालकले गर्नु पर्ने:**

- दुई व्यक्तिको बीचमा २ मिटर दुरी कायम गर्ने, मास्क प्रयोग अनिवार्य गर्न लगाउने, पसल वा ब्यापारिक स्थानको प्रबेश गर्ने स्थानमा साबुन पानी सहितको हात धुने वा सेनिटाइजर प्रयोग गर्ने ब्यबस्था गर्ने ।
- सपिङ मल, डिर्पाटमेन्ट स्टोरका ब्यबस्थापक वा सन्चालकले तोकिएका जनस्वास्थ्य सम्बन्धी मापदण्ड अनिबार्य पालन गर्ने गराउने ।
- कार्यालय र पसलजस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिर्वाय गर्ने ।
- कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दस रुपैयाँ लिई मास्क उपलब्ध गराउने ।
- मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।
- सभा सम्मेलन, गोष्ठी सेमिनार, समिक्षा बैठक, तालिम, प्रशिक्षण जस्ता कृयाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
इलाम

☎ ०२७-५२०५५५
☎ ०२७-५२०१२५
🖷 ०२७-५२०१८८
Email : cdoilam@gmail.com

पत्र सख्या :-०७७।७८
चलानी नम्वर :-

- नियमित रुपमा सञ्चालन हुनुपर्ने स्वास्थ्यसेवाहरु स्वास्थ्य तथा जनसख्या मन्त्रालयले तोकेका जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित रुपमा सञ्चालन गर्ने ।

**<u>४.होटेल र रेष्टुरेन्ट सन्चालन सम्वन्धमा</u>**: देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने

- बिहान ८.०० बजे देखि बेलुका ८.०० बजेसम्म र सो समय पश्चात् टेकअवे र होम डेलिभरीमात्र उपलब्ध गराउने ।
- कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पन्जा लगाउने ।
- कम्तिमा २ मिटरको भौतिक दूरी कायम गराउने र प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।
- प्रबेशस्थलमा सेनिटाइजरको व्यवस्था गर्ने र नियमितरुपमा निसंक्रमित गर्ने ।
- कुनै सेवाग्राही मास्क नलगाई आएमा दस रुपैयाँ लिई मास्क उपलब्ध गराउने ।
- मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्न नदिने ।
- राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटल तथा रेष्टुरेन्टहरुले जनस्वास्थ्यका मापदण्डहरुको पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

**<u>५.आम जनसमुदायले पालना गर्नु पर्ने:</u>**

- अत्यन्त जरुरी काम परेमा बाहेक घर बाहिर ननिस्कने ।
- घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका बिसर्जन गर्नुपर्ने मास्क बन्द डस्बिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षितसाथ राखि ५ दिनपछि मात्र बिसर्जन गर्ने ।
- घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरिएको मास्क नफाल्ने ।
- विदेशबाट नेपालमा आउदा वा निकट सम्पर्कमा रही कन्ट्रयाक ट्रेसिङमा परेमा परिक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तिमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य बस्ने ।
- पिसिआर परिक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिड्डुल, भेटघाट र बैठक नगर्ने ।
- स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।
- अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्वद् अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।
- होम आइसोलेशनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।
- घर बाहिर निस्कदा मास्कको अनिबार्य प्रयोग गर्ने, मेला, महोत्सब, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुस्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा संस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा जनस्वास्थ्यका मापदण्डको पालना गरी २५ जनाभन्दा बढी नहुने ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०५५५
☎ ०२७-५२०१२५
🖷 ०२७-५२०१८८
Email : cdoilam@gmail.com

पत्र सख्या :-०७७।७८
चलानी नम्वर :-

- विवाह वा ब्रतबन्धका लागि पार्टि प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी प्रमुख जिल्ला अधिकारीले २५ जनामा नबढ्ने गरी स्विकृति दिन सक्ने ।

६. नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयले स्थानीय तह, टोल सुधार समिति वा उपभोक्ता समिति र आम नागरिकका लागि तोकिदिएका जिम्मेबारीहरु तत् तत् निकायहरुले पुरा गर्ने र स्थानीय तहहरुलाई यी बिषयहरु सम्वन्धित सबैमा जानकारी गराउने प्रवन्ध मिलाउन अनुरोध गर्ने ।

७. चालु शैक्षिक शत्रमा निर्धारण भई सकेका परीक्षाहरु सोही मितितमा सम्पन्न हुने र ति बाहेकका बिध्यालय तहका परीक्षाहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरि सिघ्र सम्पन्न गर्ने प्रवन्ध मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

८. यस जिल्लास्थित इलाम अस्पताललाई २० बेडको लेभल १ COVID-19 उपचार केन्द्रको रुपमा सन्चालनको प्रवन्ध मिलाउन इलाम अस्पतालाई अनुरोध गर्ने ।

९. जिल्लाका सबै स्थानीय तहहरुलाई नेपाल सरकार (म.प.) को निर्णयानुसार बढीमा १५ बेडसम्मको अस्पतालसंग सम्झौता गरि COVID-19 उपचारको ब्यबस्था मिलाउन अनुरोध गर्ने ।

माथि उल्लेखित आदेशहरुको उल्लंघन गरे/गराएमा संक्रामक रोग ऐन, २०२० अनुसार कारबाही गरिने व्यहोरा सबैमा जानकारी गरिएको छ ।

(झरेन्द्र प्रसाद चापागाई)
सहायक प्रमुख जिल्ला अधिकारी